# मुगुका समस्या र चुनावी वाचाको वर्षा

■ नन्दबहादुर रोकाया

२१ फागुनमा प्रतिनिधिसभा सदस्य निर्वाचन हुने भएसँगै देशभर चुनावी माहोल तातेको छ। हिमाली जिल्ला मुगुमा पनि चुनावी सरगर्मी उल्लेख्य रूपमा बढेको छ। यति बेला उम्मेदवार गाउँगाउँमा घरदैलो अभियानमा ब्यस्त छन्। उम्मेदवारले विकासका सपना बाँडेर आफ्नो पक्षमा मत मागिरहेका छन्। हरेक चुनावमा देखिने परिदृश्य हो यो। तर मुगुका समस्या अनेक छन्। वर्षौंदेखि उस्तै देखिने धुलाम्मे बाटो, अधुरा पुल, औषधि अभाव झेलिरहेको जिल्ला अस्पताल, स्वास्थ्यचौकी र शिक्षक अभावमा गुज्रिरहेका विद्यालयहरू यतिबेला चुनावी एजेन्डाका केन्द्र बनेका छन्।

गाउँका चौतारा, मेलापात र चिया पसलमा विकासका बहस चर्किएका छन्। उम्मेदवारहरू घरदैलो अभियानमा व्यस्त छन्। र, फेरि एकपटक सुरु भएको छ - वाचाको वर्षा। कर्णाली प्रदेशको उत्तरी भेगमा अवस्थित मुगु भौगोलिक रूपमा अत्यन्त विकट जिल्ला हो। यहाँका धेरै बस्ती समुद्री सतहबाट ३ हजार मिटरभन्दा माथि छन्। वर्षको लामो समय चिसो, हिमपात र प्राकृतिक कठिनाइले जनजीवन प्रभावित बनाउँछ। सडक सञ्जाल सीमित छ। कतिपय गाउँबाट सदरमुकाम गमगढी पुग्न अझै २-३ दिन पैदल यात्रा गर्नुपर्ने अवस्था छ। वर्षात्मा बाटो हिलाम्मे हुन्छ, हिउँदमा धुलाम्मे र हिमपातका बेला सडक अवरूद्ध हुन्छ। यस्तो अवस्थामा सामान्य सेवा प्राप्त गर्न पनि संघर्ष गर्नुपर्ने बाध्यता यहाँका नागरिकको दैनिकी बनेको छ।

सदरमुकाम बाहेकका अधिकांश बस्तीमा आधारभूत सेवासुविधा न्यून छन्। स्वास्थ्यचौकी छन्, तर जनशक्ति र औषधि अभाव छ। विद्यालय छन्, तर विषयगत शिक्षकको कमी छ। उच्च शिक्षा अध्ययन गर्न विद्यार्थीलाई जिल्ला बाहिर जानुपर्छ। सदरमुकाममा इन्टरनेट र सञ्चार सेवा पुगे पनि नियमित र भरपर्दो छैन। यस्तो कठिन परिस्थितिमा यहाँका नागरिकले विकासलाई विलासिता होइन, जीवनसँग जोडिएको अपरिहार्य आवश्यकता ठान्छन्। उनीहरूका लागि विकास कुनै राजनीतिक नारा होइन, जीवनस्तर सुधार्ने आधार हो।

निर्वाचन नजिकिँदै जाँदा मुगुका गाउँ-बस्तीमा उम्मेदवारहरूको उपस्थिति बाक्लिएको छ। कोही पैदलै दुर्गम बस्ती पुगिरहेका छन्, कोही गाडी चढेर घरदैलोमा व्यस्त छन्। बिहानदेखि साँझसम्म उनीहरू मतदाता भेटघाट, साना-ठुला भेला, कोणसभा र छलफल कार्यक्रममा सहभागी भइरहेका छन्। गाउँका खुला चौर, विद्यालय परिसर र चौताराहरूमा चुनावी सभा आयोजना भइरहेका छन्।

दलका झण्डा र प्रचार सामग्रीले गाउँको स्वरूप नै केही समयका लागि बदलिएको छ। घरदैलो अभियानमा उम्मेदवारहरू भान्साघरमै पसेर चिया खान्छन्, आँगनमा बसेर स्थानीयका समस्या सुन्छन्। वृद्धवृद्धाको स्वास्थ्य अवस्था सोध्छन्, युवालाई रोजगारीका आश्वासन दिन्छन्, किसानसँग उत्पादन र बजारको समस्या बुझ्छन्। सामाजिक र पारिवारिक सम्बन्धलाई पनि मतसँग जोड्ने प्रयास देखिन्छ। 'सडक बनाउँछौं', 'अस्पताल स्तरोन्नति गर्छौं', 'युवालाई रोजगारी दिन्छौं', 'पर्यटन विकास गर्छौं' जस्ता प्रतिबद्धता यस वर्ष पनि दोहोरिएका छन्। चुनावी भाषणमा समृद्ध मुगु, विकसित मुगु र आत्मनिर्भर मुगुको चित्र कोरिन्छ। कतिपय उम्मेदवारले प्रचारकै क्रममा साना पूर्वाधार मर्मतका काम अघि बढाउने, विद्यालयमा आवश्यक सामग्री उपलब्ध गराउने, स्वास्थ्यचौकीमा औषधि पुर्‍याउने जस्ता तात्कालिक पहल पनि गरेका छन्।

तर स्थानीयका अनुसार यस्ता गतिविधि दीर्घकालीन योजनाभन्दा चुनावी रणनीतिको हिस्सा बढी हुन्। उनीहरूको बुझाइमा वास्तविक परिवर्तनका लागि नीति, बजेट र निरन्तरता आवश्यक हुन्छ, जुन चुनावी उत्साहपछि प्रायः कमजोर हुने गरेको अनुभव छ। मुगुमा चुनावी एजेन्डाको पहिलो नम्बरमा सडक पर्छ। यहाँ सडक केबल यातायातको माध्यम होइन, जीवनरेखा हो। बिरामी परेमा समयमै अस्पताल पुर्‍याउन सडक चाहिन्छ। कृषिजन्य उत्पादन बजारसम्म लैजान सडक आवश्यक छ। विद्यार्थीलाई विद्यालय पुग्न सहजता दिन सडक चाहिन्छ। त्यसैले उम्मेदवारहरूले सबै मौसममा चल्ने सडक निर्माण गर्ने वाचा गरेका छन्। तर स्थानीयको प्रश्न छ -अघिल्ला वाचा किन पूरा भएनन् ? निर्माण सुरू भएका सडक किन अधुरा छन् ? दोस्रो एजेन्डा स्वास्थ्य सेवा हो।

सामान्य उपचारका लागि पनि जिल्ला बाहिर धाउनुपर्ने बाध्यता छ। विशेषज्ञ सेवा त परै जाओस्, सामान्य औषधि अभावसमेत देखिन्छ। गर्भवती महिला, वृद्धवृद्धा र दीर्घरोगीका लागि समयमै उपचार नपाउँदा जोखिम बढ्ने गरेको छ। चुनावी भाषणमा अस्पताल स्तरोन्नति, विशेषज्ञ चिकित्सक व्यवस्था, एम्बुलेन्स सेवा विस्तार र स्वास्थ्यकर्मी दरबन्दी पूर्तिका कुरा जोडतोडले उठाइएका छन्। तर स्वास्थ्य क्षेत्रमा दीर्घकालीन सुधारका लागि स्थायी जनशक्ति व्यवस्थापन र पूर्वाधार विकास अपरिहार्य छ। तेस्रो प्रमुख विषय रोजगारी हो। मुगुमा उद्योगधन्दा छैनन्। कृषि मुख्य पेसा भए पनि उत्पादन व्यावसायिक स्तरको छैन। बजार पहुँच सीमित छ। यसका कारण युवा पुस्ता रोजगारीको खोजीमा भारत, खाडी मुलुक वा अन्य सहरतर्फ लागेका छन्। गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र बस्ने अवस्था बढ्दो छ। 'अब युवालाई विदेश जानु पर्दैन, जिल्लामै रोजगारी सिर्जना गर्छौं' भन्ने वाचा लोकप्रिय नारा बनेको छ। तर रोजगारी सिर्जना गर्ने स्पष्ट योजना, लगानीको स्रोत र कार्यान्वयन रणनीति के हो भन्ने प्रश्नमा प्रस्टता कम देखिन्छ। वाचा र यथार्थबीचको दुरी मुगुका मतदाताले पटकपटक अनुभव गरेका छन्। विगतका चुनावहरूमा धेरै योजना घोषणा भएका थिए। केही सुरू पनि भए। सडक विस्तार, विद्युत् जडान, विद्यालय भवन निर्माण, स्वास्थ्यचौकी सुधार जस्ता प्रयास भएका छन्। तर ती प्रयास पर्याप्त र दिगो छैनन् भन्ने गुनासो स्थानीयबाट सुन्ने गरेको नागरिक समाजका अगुवा रूपबहादुर मल्ले बताए।

कतिपय योजनाको बोर्ड राखियो, बजेट छुट्याइयो, तर काम अधुरै रह्यो। खानेपानी आयोजना सुरू भयो, केही वर्षमै बिग्रियो। सडक निर्माण भयो, तर नियमित मर्मत नहुँदा बिग्रियो। स्थानीय तहमा बजेट आउने भए पनि कार्यान्वयन र अनुगमनमा कमजोरी देखिएको आरोप छ उनले भने। पारदर्शिताको अभाव र राजनीतिक पहुँचका आधारमा योजना छनोट हुने गुनासो पनि सुनिन्छ।

'चुनावमा सबै नेता उस्तै देखिन्छन्। आश्वासन दिन्छन्। जितेपछि फर्केर आउँदैनन्,' भन्ने गुनासो गाउँ-गाउँमा सुनिन्छ। यो धारणा लोकतन्त्रका लागि चुनौतीपूर्ण संकेत हो।

यतिबेला मुगुका गाउँ युवाविहीन छन्। युवाहरू रोजगारीका लागि तेस्रो मुलुकदेखि भारतसम्म वैदेशिक रोजगारीका लागि पलायन भएका छन्। युवा बाहिरिँदा गाउँको उत्पादन घट्छ, सामाजिक संरचना कमजोर हुन्छ र राजनीतिक सहभागितासमेत प्रभावित हुन्छ। चुनावका बेला मतदाता संख्या कागजमा धेरै भए पनि वास्तविक उपस्थितिमा कमी देखिन्छ। जाडोयाममा त उच्च हिमाली बस्तीहरू खालीजस्तै हुन्छन्। यस्तो अवस्थामा मतदान प्रतिशत कस्तो रहला भन्ने प्रश्न उठेको छ। शिक्षा क्षेत्रमा भवन निर्माण भए पनि गुणस्तरीय शिक्षामा चुनौती छ। विषयगत शिक्षकको अभाव, प्रयोगशाला र पुस्तकालयको कमी, उच्च शिक्षाका सीमित अवसरले विद्यार्थीलाई जिल्ला बाहिर जान बाध्य बनाएको छ। स्वास्थ्य क्षेत्रमा पनि अवस्था उस्तै छ। सामान्य उपचारका लागि समेत सदरमुकाम पुग्नुपर्ने बाध्यता छ।

आपत्कालीन अवस्थामा समयमै सेवा नपाउँदा ज्यान जाने घटनासमेत दोहोरिएका छन्। यस्ता समस्याले स्थानीयको मनमा एउटै प्रश्न उठाउँछ - हामीले भोट त दियौं, तर हाम्रो जीवनमा परिवर्तन किन आएन ? निर्वाचन केवल मत माग्ने प्रक्रिया मात्र होइन, जबाफदेहीताको सुरुआत पनि हो। तर चुनावपछि प्रतिनिधिहरूले नियमित रूपमा मतदातासँग संवाद गर्ने अभ्यास कमजोर देखिन्छ। विकास योजनाको प्रगति सार्वजनिक रूपमा समीक्षा गर्ने, बजेट खर्चको विवरण पारदर्शी रूपमा प्रस्तुत गर्ने र स्थानीयसँग निरन्तर संवाद गर्ने परम्परा बलियो हुन सकेको छैन। निराशाबीच पनि मुगुका नागरिक पूर्णरूपमा आशाहीन छैनन्। हरेक चुनावमा उनीहरू मतदान गर्न उत्साहित देखिन्छन्। उनीहरूको अपेक्षा स्पष्ट छ - भाषणभन्दा काम, योजनाभन्दा परिणाम र आश्वासनभन्दा जवाफदेहीता।


## नसिंङ लाइसेन्सको सर्टिफिकेट हरायो

मिति २०८२।१०।१३ गते काठमाडौं बसुन्धरा देखी सुघेधारा सम्म जाँदा मेरो नसिंङ लाइसेन्सको सर्टिफीकेट हराएको हुँदा पाउनुहुने वा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : प्रिंयका बस्नेत**
**ठेगाना: जिल्ला मोरङ, विराटनगर-६**
**रजिष्ट्रेशन नं: ३८४८८**
**सम्पर्क नं.: ९८४२०९९९२०**


Government of Gandaki Province

**Ministry of Physical Infrastructure Development and Transport Management**

## Infrastructure Development Office

**Mustang District**

## Invitation for Electronic Bids

**Date of Publication: 2082-11-12 (24th Feb. 2026)**

1. Infrastructure Development Office, Mustang invites **online bids only** under e-procurement system from eligible bidders for the construction works of ***Projects*** under bidding procedures ***as mentioned below***. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Descriptions | Engineers' Estimated with VAT & PS(Nrs) | Bid Fee (Nrs) | Bid Validity Period | Bid Security Validity Period | Bid Security Amount (Nrs) | Last Date of Bid Submission | Procurement Type |
|---|---|---|---|---|---|---|---|---|
| 01 | Flagstone Paving Works at Jharkot Village-1 and Dhakarjhong Village-5, Varagung Muktichhetra Ga. Pa., Mustang (IDO/MUSTANG/NCB/W/R/01/082-83) | 4866897.30/- | 3000/- | 90 Days | 120 Days | 125,000.00/- | 12:00 PM on 26th March 2026 (12th Chaitra 2082) | National Competitive Bidding (NCB) |
| 02 | Road Upgradation Work of Jomsom Village (Formerly Ward No. 5,6,7 ) Gharapjhong Ga. Pa.-4 Jomsom, Mustang (IDO/MUSTANG/NCB/W/R/02/082-83) | 4865331.62/- | | | | 125,000.00/- | | |
| 03 | Road Upgradation of Chhusang-Ghyakar-Chhumbak Varagung Muktichhetra-03, Mustang (IDO/MUSTANG/NCB/W/R/03/082-83) | 4868647.62/- | | | | 125,000.00/- | | |
| 04 | Upgradation Works of Charang Village Internal Road, Lo-Ghekar Damodarkunda Ga. Pa.-1, Mustang (IDO/MUSTANG/NCB/W/R/04/082-83) | 4857568.21/- | | | | 125,000.00/- | | |
| 05 | Upgradation & Flagstone Paving Works between Kimling Village and Duwang, Lomanthang Ga. Pa.-04 and Road Upgradation via Lete Danda Nayabasti Purna Bahadur Bi.Ka House., Thasang-03, Mustang (IDO/MUSTANG/NCB/W/R/05/082-83) | 4868912.21/- | | | | 125,000.00/- | | |
| 06 | Road Maintenance and Improvement Works from Ghattekola to Khelmaidan Marpha Gharapjhong Ga.Pa.-02 and Road Upgradation Works from Maithan to Chhahara and Flagstone Paving Works Gharapjhong Ga.Pa.-04, Mustang (IDO/MUSTANG/NCB/W/R/06/082-83) | 4861112.50/- | | | | 125,000.00/- | | |
| 07 | Road Repair and Maintenance of Kagbeni to Muktinath Temple, Varagung Muktichhetra Ga.Pa., Mustang (IDO/MUSTANG/NCB/W/R/07/082-83) | 7306258.18/- | | | | 210,000.00/- | | |
| 08 | Road Upgradation Works from Shree Taklung Aadharbhut School to Upper Taklung and Road Upgradation Works from Naurikot Village to Thanti, Thasang Ga.Pa.-02 and 05, Mustang (IDO/MUSTANG/NCB/W/R/08/082-83) | 4864038.37/- | | | | 125,000.00/- | | |

2. Bank details for Bid Documents: Name of the Bank**: Nepal Bank Ltd., Jomsom, Mustang** Name of Office: **Infrastructure Development Office (IDO), Mustang** Office Code No: **3370141014** Office Account no: **27302000001001000001** Rajaswa (Revenue) Shirshak No.: **14229**
3. Pre-bid Meeting will be held in Infrastructure Development Office, Mustang at: **13:00 hours of 2026/03/16 (2082/12/02), Monday** for National Competitive Bidding (NCB) Type Procurement Procedure
4. Bid will be opened in Infrastructure Development Office, Mustang at: **13:00 hours of 2026/03/26 (2082/12/12), Thursday** for National Competitive Bidding (NCB) Type Procurement Procedure
5. The Bidder shall furnish a bid security from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee. In case of cash deposit for Bid Security details are mentioned below: Office Name: **Infrastructure Development Office, Mustang** Bank Name: **Nepal Bank Ltd., Jomsom, Mustang** Account Name: **KHA 2.3- MUSTANG DHARAUTI KHATA** Account Number: **06802000002003000001** Office Code: **3370141014**

**Infrastructure Development Office, Mustang**

## दुधपोखरी गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय

**गौडा, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/११/१२**

यस कार्यालयको तपसिल बमोजिमको मिति २०८२/०९/०९ र पत्रिकामा प्रकाशित विधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार, दर्ता हुन आएका विधुतीय बोलपत्र मुल्याङकन हुदाँ निम्न बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यकित र सारभूत रुपमा प्रभावकारी रहेकोले उक्त बोलपत्र स्वीकृतका लागि छनौट भएका हुदाँ सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | 082-83/DPRM/ WORKS-07 | Construction of Doodhopokhari Brihat Khanepani Yojana" Ka" | SIRANCHOCK CONSTRUCTION AND SUPPLIERS PVT.LTD. Siranchock-07, Gorkha, Gandaki Province | रु. ७०,३३,०९३.१५/- |

**कार्यालय प्रमुख**

## फिक्कल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**खाड्साङ, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

## सिलबन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/१२ (Feb. 24, 2026)**

यस फिक्कल गाउँपालिकाको आ.व. ०८२/८३ को लागि सडक बोर्ड नेपाल, मिनभवन, काठमाण्डौ र गाउँपालिकाको लागत साझेदारीमा स्वीकृत कार्यक्रम अन्तर्गत तल उल्लेखित कार्य माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त व्यवसायीहरूबाट सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपशिल**

| S. N. | Contract No. | Description of works | Bid Security amount | Price of Bid document | Estimated cost with VAT & PS | Bid Validity/Bid Security Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1. | FRM/Sindhuli/ Works/NCB/ 09/082-83 | सौभाग्य चोक देखि गाउँपालिका कार्यालय हुदैं गाइखुरा सम्मको सडक ढलान कार्य | Rs. 75,000.00 | Rs. 3,000.00 | Rs. 28,49,854.73 | 90 & 120 days respectively from bid opening date. | Before 2082-12-12 (March 26, 2026) 12.00 PM. |

**नोट:** दरभाउ पत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.phikkalruralmun.gov.np हेर्नहुन वा phikkalruralmun@gmail.com वा यस कार्यालयको फोन नं. ९८५४०४५४६२ मा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**


## माइग्रेशन सर्टिफिकेट हरायो

सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका वडा नं.६ निवासी लक्ष्मी शेर्पाको +२ तहको माइग्रेशन सर्टिफिकेट (Migration Serial No.: ८७८९०५) (Registration number: ७९३२७१४००१००) मिति २०८२ मंसिर २९ गते माछापोखरीबाट बालाजु, काठमाडौं जाने क्रममा हराएको हुंदा फेला पार्नु हुने महानुभावले कृपया तल उल्लेखित नम्बर मा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**सम्पर्क नं. ९८२८६४३८७०**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०३/२६ मा दर्ता भएको **प्रा.लि. नं. ४६७३७** को **कोपिला झ्याली स्कुल प्रा. लि.** को मिति २०८२/१०/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ४२२**
**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**

## Qatar मा रोजगार Lusail Hospitality & Services

पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८२/०६/१० चलानी नं. : ६०२४५४८८ LT No.: 331682

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Supervisor | 6 | 8 | काममा दक्ष तथा अनुभवी | 2500 | ९९,३२५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Dry Cleaning Worker | 1 | 2 | | 1700 | ६६,८६०।- | | | | | | | |
| ३. | Laundry Attedant/Washer/Runner | 0 | 5 | | 1700 | ६६,८६०।- | | | | | | | |
| ४. | Assistant Cook | 1 | 0 | | 2200 | ८६,५२५।- | | | | | | | |
| ५. | General Carpenter | 3 | 0 | | 1700 | ६६,८६०।- | | | | | | | |
| ६. | Labourer / Helpers | 2 | 0 | | 1500 | ५८,९९५।- | | | | | | | |
| ७. | Chef | 2 | 0 | | 3200 | १,२५,८५५।- | | | | | | | |
| ८. | Cooker ( 5Yr Experience) | 3 | 0 | | 2700 | १,०६,१९०।- | | | | | | | |
| ९. | Ground Steward (Male) | 3 | 0 | | 1900 | ७४,७३०।- | | | | | | | |
| १०. | Ground Steward (Female) | 0 | 5 | | 1900 | ७४,७३०।- | | | | | | | |
| ११. | General Technical Mechanics | 7 | 0 | | 2000 | ७८,६६०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. २,१००।- कामदार आफैंले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८२ फागुन २१ गते (5 March, 2026) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**ARABIAN CENTERS EMPLOYMENT SERVICES PVT. LTD.** Govt. Lic. No. 1576/079/080
Gairigaun, Sinamangal-09, Kathmandu, Tel.: 01-5914527, 9802377511, 9802377512, 9802377513 Email : arabianjobsnepal@gmail.com

## UAE मा रोजगार PROCAT CATERING SERVICES L.L.C

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/१२/२९ चलानी नं. ६०२३६००८ LT.No. 321910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Baker | 5 | 0 | काममा दक्ष | 1800 | ७१,१२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Basic Machine Operator | 3 | 0 | | 1800 | ७१,१२०।- | | | | | | | |
| ३. | Butcher | 5 | 0 | | 1800 | ७१,१२०।- | | | | | | | |
| ४. | Cleaner (Male) | 6 | 0 | | 1000 | ३९,५१०।- | | | | | | | |
| ५. | Fast Food Maker | 4 | 0 | | 1200 | ४७,५१५।- | | | | | | | |
| ६. | Food Services Supervisor | 5 | 0 | | 2000 | ७९,०००।- | | | | | | | |
| ७. | Fruit And Vegetable Preserver | 5 | 0 | | 1500 | ५९,२६५।- | | | | | | | |
| ८. | Kitchen Helper | 4 | 0 | | 900 | ३५,५६०।- | | | | | | | |
| ९. | Packers | 7 | 0 | | 1200 | ४७,५१५।- | | | | | | | |
| १०. | Restaurant Worker | 2 | 0 | | 1200 | ४७,५१५।- | | | | | | | |
| ११. | Stevedore Worker | 2 | 0 | | 900 | ३५,५६०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. २,१००।- कामदार आफैंले | निःशुल्क |

**अन्तरवार्ता २०८२ फागुन १९ गते (3 March, 2026) यस प्रा. लि. को कार्यालय कुपन्डोल ललितपुरमा हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**AIR KINGS PLACEMENT PVT. LTD.** Gov. Lic No. 712/064/065
Kupondole, Lalitpur, Nepal. Tel.: 01-5524006, 5427196